जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २७९ • २०८३ श्रावण १३ गते बुधवार • 29 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# जलवायु संकटको समाधान खोज्दै मधेश: कृषि, बसाईँसराई र जीविकोपार्जनमा एकीकृत रणनीतिमा जोड

**विपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १२ श्रावण**



जलवायु परिवर्तन, कृषि, बसाईँसराइ तथा ग्रामीण जीविकोपार्जन बीचको अन्तर सम्बन्धबारे सरोकारवालाहरूको ज्ञान, क्षमता र समन्वय अभिवृद्धि गर्ने उद्देश्यले मधेश प्रदेशमा आयोजित क्षमता विकास तालिम सम्पन्न भएको छ। सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN) को आयोजनामा तथा संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO) को सहयोगमा आयोजित तालिममा मधेश प्रदेशका माननीय नवलकिशोर यादव प्रमुख अतिथि रहनुभएको थियो। कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका सचिव डा. संजय कुमार यादव, वन तथा वातावरण मन्त्रालयका उपसचिव बेचन कुमार महतो, विभिन्न सरकारी निकाय, स्थानीय तह, समुदाय तथा सरोकारवाला संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रमको अध्यक्षता नागदेव यादवले गर्नुभएको थियो । कार्यक्रममा ँब्इ का विवेक आचार्यले जलवायु परिवर्तन, कृषि, बसाईँसराइ तथा ग्रामीण जीविकोपार्जनबीचको अन्तरसम्बन्धबारे प्रस्तुतीकरण गर्नुभएको थियो भने कन्सल्टेन्ट डा. उत्तमबाबु श्रेष्ठले विषयसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै सचिव डा. संजय कुमार यादवले जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा गिरावट, बारम्बार हुने प्राकृतिक विपद् तथा जीविकोपार्जनमा बढ्दो असुरक्षाले मानव गतिशीलता र बसाईँसराइलाई प्रत्यक्ष प्रभावित गरिरहेको बताउनुभयो। उहाँले जलवायु परिवर्तन र बसाईँसराइलाई छुट्टाछुट्टै विषयका रूपमा होइन, कृषि, खाद्य सुरक्षा, ग्रामीण जीविकोपार्जन, गरिबी न्यूनीकरण तथा स्थानीय विकाससँग जोडेर एकीकृत नीति तथा योजना निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

वक्ताहरूले नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको उल्लेख गर्दै बाढी, खडेरी, अत्यधिक गर्मी तथा अनियमित वर्षाजस्ता जलवायुजन्य जोखिमले कृषि उत्पादन, खाद्य सुरक्षा र ग्रामीण समुदायको जीवनमा गम्भीर असर पारिरहेको बताए । उनीहरूले जलवायुजन्य बसाईँसराइलाई संकट उत्पन्न भएपछि मात्र सम्बोधन गर्ने विषयका रूपमा नभई जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा स्थानीय विकास योजनाको अभिन्न अंगका रूपमा समेट्नुपर्ने आवश्यकता औंल्याए ।

छलफलका क्रममा जलवायु उत्थानशील कृषि प्रणालीको प्रवर्द्धन, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, विविधीकृत जीविकोपार्जन तथा स्थानीय संस्थाको सुदृढीकरण मार्फत समुदायको उत्थानशीलता बढाउन सकिने निष्कर्ष निकालिएको थियो । यस्ता प्रयासले जलवायुजन्य जोखिम सामना गर्ने क्षमता वृद्धि गर्नुका साथै बाध्यकारी बसाईँसराइ न्यूनीकरणमा समेत योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ। सहभागीहरूले जलवायु परिवर्तनको प्रभाव महिला, युवा, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अन्य सीमान्तकृत समुदायमा तुलनात्मक रूपमा बढी पर्ने भएकाले जलवायु अनुकूलन तथा विकासका कार्यक्रम समावेशी, लैङ्गिक उत्तरदायी र समुदायको नेतृत्वमा आधारित हुनुपर्नेमा जोड दिएका थिए ।आयोजकका अनुसार कार्यक्रमको मुख्य उद्देश्य जलवायु परिवर्तन, जलवायुजन्य बसाईँसराइ, खाद्य सुरक्षा तथा ग्रामीण जीविकोपार्जन बीचको अन्तरसम्बन्धबारे सरोकारवालाहरूको बुझाइ अभिवृद्धि गर्नुका साथै जलवायु जोखिम सामना गर्न सक्षम, उत्थानशील र दिगो समुदाय निर्माणका लागि आवश्यक नीति, योजना तथा सामूहिक सहकार्यलाई प्रवर्द्धन गर्नु हो ।

कार्यक्रमले मधेश प्रदेशमा जलवायु उत्थानशील समुदाय निर्माण, दिगो कृषि प्रणालीको विकास, ग्रामीण जीविकोपार्जन सुदृढीकरण तथा सुरक्षित, सूचित र सम्मानजनक मानव गतिशीलतासम्बन्धी नीति तथा कार्यक्रम निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको आयोजकले जनाएको छ ।

# जलेश्वरमा टायर बालेर प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**जलेश्वर, १२ श्रावण**

महोत्तरीको सदरमुकाम जलेश्वरमा विभिन्न हिन्दुवादी संघसंगठनले मंगलबार टायर बालेर प्रदर्शन गरेका छन् ।

प्रदर्शनकारीहरूले गृहमन्त्री सुदन गुरुङको राजीनामा माग गर्दै सरकारविरुद्ध नाराबाजी गरेका हुन् । जलेश्वरको मुख्य बजार क्षेत्रमा भेला भएका प्रदर्शनकारीहरूले हिन्दु धर्म र धार्मिक आस्थामाथि कथित रूपमा आघात पुगेको तथा शान्ति सुरक्षा कायम गर्न सरकार असफल भएको आरोप लगाएका छन् । उनीहरूले पछिल्ला घटनाप्रति सरकार गम्भीर नभएको भन्दै गृहमन्त्रीले नैतिक जिम्मेवारी लिएर पदबाट राजीनामा दिनुपर्ने माग



गरेका छन् । प्रदर्शनका क्रममा केही समय सडक आवागमन प्रभावित भए पनि सुरक्षा निकायको उपस्थितिमा स्थिति नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । सम्भावित अप्रिय घटना हुन नदिन जलेश्वरका संवेदनशील क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ। प्रदर्शनकारीहरूले सरकारलाई धार्मिक सद्भाव कायम राख्न, दोषीमाथि कानुनी कारबाही गर्न र जनताको सुरक्षाप्रति जिम्मेवार बन्नसमेत आग्रह गरेका छन् ।




**लामखुट्टेबाट सर्ने रोगबाट बचौं**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।

**त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:**

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**




## सुनसरी घट्नाको दोषिलाई कारबाही गर

सुनसरीको देवानगञ्ज र कप्तानगञ्जमा भएको गोलीकाण्ड घटनाप्रति सबैको ध्यान तानिएको छ। आइतबार राति हिन्दु र मुस्लिम समुदाय वीच भएको बिबादका कारण एक जना ओम प्रकाश मेहतालाई गोली लागि ज्यान गुमाएका छन् भने दर्जनौं व्यक्तिहरुलाई गोली लागि घाइते भएका छन्। दुई समुदाय वीच भएको आपसी मतभेदका कारण गोली नै चलाउनु पर्ने आवश्यकता कसरी भयो ? गोली नै चलाउनु पर्ने आवश्यकता भए पनि गोली कसले चलायो,प्रहरीले ? वा अन्य समुदायले ? । प्रहरीले गोली नचलाएको पुष्टि भए पछि गोली कहाँबाट कसले चलायो भन्ने तथ्य पत्ता लगाउन जरुरी छ। अहिले सुनसरी सहित जनकपुरधाम,विरगंज लगायत विभिन्न ठाउँहरुमा हिन्दु सम्राट सेना,हिन्दुबादी संघसंगठन तथा जेनजी युवाहरु आन्दोलनरत देखिन्छन्। नेपाल विविधता, सहिष्णुता र सामाजिक सद्भावको आधारमा बनेको देश हो। कुनै पनि घटना वा विवादको समाधान हिंसा, तोडफोड, आगजनी वा प्रतिशोधबाट हुन सक्दैन। यस्ता कार्यले निर्दोष नागरिकलाई पीडा दिने, समाजमा अविश्वास बढाउने र राष्ट्रिय एकतालाई कमजोर बनाउने काम मात्र गर्छ। त्यसैले सम्पूर्ण नागरिक, सबै समुदाय, राजनीतिक दल, नागरिक समाज र सरोकारवालाहरु संयमीत भई शान्ति, सद्भाव र आपसी विश्वासको माध्यमबाट समस्याको समाधान गर्न जरुरी रहेको देखिन्छ। साथै, घटनाको सत्यतथ्य सार्वजनिक गर्न, पीडितलाई न्याय सुनिश्चित गर्न र भविष्यमा यस्ता घटना दोहोरिन नदिन उच्च स्तरीय स्वतन्त्र न्यायिक आयोग तत्काल गठन गर्न सरकार तत्पर रहन आवश्यक रहेको देखिन्छ। यस कठिन घडीमा सबै पक्षलाई जिम्मेवारीपूर्वक प्रस्तुत हुन, अफवाह र उत्तेजनाबाट टाढा रहन तथा सामाजिक सद्भाव र राष्ट्रिय एकताको रक्षा गर्न सबै जनाले भूमिका निर्वाह गर्न आवश्यक रहेको देखिन्छ।

# जनकपुरधाममा जिल्ला सामाजिक सद्भाव सर्वपक्षीय समितिको बैठक सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १२ श्रावण**



सुनसरी जिल्लामा हालै भएको घटनापछि सामाजिक सद्भावमा पर्न सक्ने सम्भावित असरलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय धनुषाको पहलमा जनकपुरधाममा जिल्ला सामाजिक सद्भाव सर्वपक्षीय समितिको बैठक सम्पन्न भएको छ।

बैठकले धनुषा जिल्लामा सामाजिक, धार्मिक तथा साम्प्रदायिक सद्भाव कायम राख्न सबै पक्षले सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै ६ बुँदे सहमति गरेको हो। सहभागीहरूले नेपाललाई बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा सहिष्णु समाजको रूपमा स्थापित राष्ट्रिय पहिचानलाई अक्षुण्ण राख्नुपर्नेमा जोड दिएका छन्।

सहमतिअनुसार जिल्लामा कुनै पनि अवाञ्छित गतिविधि हुन नदिन विभिन्न धर्म तथा समुदायका प्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी, राजनीतिक दल, संघसंस्था र स्थानीय तहका जनप्रतिनिधिले समन्वय र सहकार्यलाई निरन्तरता दिनेछन्। बैठकले सामाजिक सञ्जाल मार्फत सामाजिक सद्भाव भड्काउने, द्वेष फैलाउने वा उत्तेजना सिर्जना गर्ने सामग्री प्रकाशन तथा प्रसारण गर्नेमाथि मुलुकी अपराध संहिता ऐन, २०७४, विद्युतीय कारोबार ऐन, २०६३ तथा अन्य प्रचलित कानुनअनुसार कारबाही गरिने निर्णय पनि गरेको छ।

यस्तै, कुनै पनि प्रकारका शान्तिपूर्ण विरोध वा प्रदर्शनका कार्यक्रम सञ्चालन गर्नुअघि स्थानीय प्रशासनबाट पूर्वस्वीकृति लिनुपर्ने निर्णयसमेत बैठकले गरेको छ। धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी भूदेव झाले जिल्लामा शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सबै पक्षलाई जिम्मेवार र संयमित भूमिका निर्वाह गर्न आग्रह गर्दै बैठकका निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गरिने जानकारी दिए।

# ऐतिहासिक तथा सार्वजनिक पोखरी संरक्षण अभियानलाई अघि बढाउने उद्देश्यले टोली जनकपुरधाममा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १२ श्रावण**



जनकपुरधाम उपमहानगरपालिकामा गुठी संस्थानका प्रशासक शैलेश राज कुँवर नेतृत्वको टोली मंगलबार आएको छ। जनकपुरधामका ऐतिहासिक तथा सार्वजनिक पोखरी संरक्षण अभियानलाई अघि बढाउने उद्देश्यले टोली जनकपुरधाम आएको हो।

उपमहानगरपालिकामा आयोजित भेटघाटमा नगरप्रमुख मनोजकुमार साह, प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरे तथा कार्यपालिका सदस्य राकेश विक्रम साहले गुठी संस्थानको टोलीलाई स्वागत गरेका थिए। भेटका क्रममा जनकपुरधामभित्र रहेका गुठीका जग्गा तथा पोखरी संरक्षण, अतिक्रमण हटाउने प्रक्रिया र आगामी कार्ययोजनाबारे छलफल भएको बताइएको छ।

उपमहानगरपालिकाका अनुसार मंगलबार बस्ने संयुक्त बैठकपछि पहिलो चरणमा रेखाङ्कन सम्पन्न भइसकेका सात वटा पोखरी क्षेत्रबाट बुधबारदेखि अतिक्रमण हटाउने अभियान सुरु गरिने तयारी गरिएको छ। पोखरी क्षेत्रको संरक्षण, सार्वजनिक सम्पत्तिको व्यवस्थापन तथा अतिक्रमण नियन्त्रणका लागि गुठी संस्थान र जनकपुरधाम उपमहानगरपालिकाबीच समन्वयात्मक रूपमा अभियान सञ्चालन गरिने जनाइएको छ। स्थानीय तहले ऐतिहासिक तथा धार्मिक महत्वका पोखरीहरूको संरक्षणलाई प्राथमिकतामा राख्दै आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने जनाएको छ।




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: पिछडेको साथी मिल्न
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अनावश्यक चिन्ता
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: आम्दानी हुने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: मित्रतामा फाटो आउने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अवसरविहीन मेडिकल डिग्री: पाकिस्तानमा स्नातकोत्तर तालिमको सङ्कटले हजारौँ चिकित्सकहरूको भविष्य अन्योलमा




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १२ श्रावण

पाकिस्तानका विभिन्न कलेजहरूबाट प्रत्येक वर्ष हजारौँ नयाँ चिकित्सकहरू अध्ययन पूरा गरी दीक्षित हुन्छन् । वर्षौँको कडा अध्ययन, क्लिनिकल अभ्यास र कठिन परीक्षाहरू उत्तीर्ण गरेपछि उनीहरूले हातमा लब्धाङ्क पत्र र मेडिकल डिग्री त पाउँछन्, तर धेरैका लागि यो खुसीको क्षण निकै क्षणिक साबित हुने गरेको छ। शैक्षिक सफलताको चमकधमक पछाडि आफ्नै उत्पादनलाई खपत गर्न नसक्ने पाकिस्तानको कमजोर र दिशाहीन स्वास्थ्य प्रणाली लुकेको छ ।

स्नातकोत्तर तालिमका दरबन्दी तथा सिटहरूको चरम अभावका कारण हजारौँ योग्य चिकित्सकहरू आफ्नो व्यावसायिक उकालो चढ्नबाट वञ्चित भएका छन्। शिक्षा र रोजगारीबीचको यो फराकिलो दूरीले हाल पाकिस्तानको समग्र स्वास्थ्य क्षेत्रलाई नै गम्भीर सङ्कटतर्फ धकेलेको छ । स्नातक र तालिमबीच फराकिलो बन्दै गएको अन्तर: यस सङ्कटको मुख्य केन्द्रमा गम्भीर संरचनात्मक असन्तुलन रहेको छ। पाकिस्तान मेडिकल एन्ड डेन्टल काउन्सिल (पीएमडीसी) ले प्रणालीमा प्रवेश गर्ने नयाँ मेडिकल स्नातकहरूको सङ्ख्या र उनीहरूका लागि आवश्यक स्नातकोत्तर तालिमका सीमित सिटहरूबीच ठूलो अन्तर रहेको बारम्बार औंल्याउँदै आएको छ। पाकिस्तानका १२० भन्दा बढी मेडिकल कलेजहरूबाट वार्षिक रूपमा करिब १६,००० देखि २०,००० सम्म एमबीबीएस स्नातकहरू उत्पादन हुन्छन् ।

तर, उनीहरूलाई विशेषज्ञता हासिल गर्न आवश्यक पर्ने स्नातकोत्तर तालिमका सिटहरू सोही अनुपातमा विस्तार हुन सकेका छैनन् । यस असन्तुलनले चिकित्सकको करियरको महत्त्वपूर्ण चरणमा गम्भीर अवरोध सिर्जना गरेको छ। आधुनिक चिकित्सा अभ्यासमा विशिष्टीकरण केवल एक वैकल्पिक कदम मात्र नभई अनिवार्य आवश्यकता हो। तर, संरचनात्मक तालिमको अभावमा हजारौँ चिकित्सकहरू आधारभूत योग्यतामा मात्र सीमित हुन बाध्य छन्, जसले गर्दा देशमा स्वास्थ्यकर्मीको ठूलो आवश्यकता हुँदाहुँदै पनि उनीहरू ओझेलमा परेका छन् । अभावका बीच अधिकताको विरोधाभास: पाकिस्तानको स्वास्थ्य क्षेत्रमा एउटा अनौठो र उदेकलाग्दो विरोधाभास देखिएको छ ।

एकातिर देशमा चिकित्सकहरूको निरन्तर अभाव छ भने अर्कोतिर तालिमप्राप्त ठूलो सङ्ख्याका चिकित्सकहरू बेरोजगार वा

# रोटी-बेटीक सम्बन्ध कि दोहरी नागरिकताक कारोबार ?

मुरली मनोहर मिश्र,
(जनकपुर नागरिक समाज,
जनकपुरधाम-४, धनुषा,
नेपाल)



भारत आ नेपालक बीच खींचल सीमा केवल नक्शाक एकटा रेखा नैइ अछि। यी सीमा विश्वासक अछि, इतिहासक अछि, संस्कृति आ सभ्यताक अछि। मिथिलाक लोक सदियौँसँ एहि सीमाकेँ विभाजन नैइ, बल्कि मिलनक माध्यम मानैत आबि रहल छथि। जनकपुर आ जयनगर, मधुबनी आ धनुषा, दरभंगा आ सिरहा यी सभ क्षेत्र एहि आत्मीय सम्बन्धक साक्षी छथि ।

मुदा, इतिहास सिखबैत अछि जे जखन विश्वास पर स्वार्थ हावी भऽ जाइत अछि, तखन सम्बन्ध कमजोर पड़य लगैत अछि ।

आइ सीमावर्ती क्षेत्रसँ बेर-बेर एहन प्रश्न उठि रहल अछि जे किछु लोक कथित रूपसँ दुनू देशक नागरिकता, सरकारी परिचयपत्र, बैंक खाता, सामाजिक सुरक्षा योजना, पेंशन, राशन, मनरेगा, करसम्बन्धी कागजात आ आन सरकारी सुविधाक लाभ लेबाक प्रयास करैत छथि। एहन दावासभक सत्यता प्रत्येक मामिलामे सम्बन्धित सरकारी जाँचसँ स्पष्ट होयत, मुदा यदि एहन प्रवृत्ति वास्तवमे अछि, तँ यी भारत-नेपाल सम्बन्धक लेल गम्भीर चेतावनी अछि ।

सबसँ पैघ विडम्बना यी अछि जे गरीबक अधिकार पर डाका डालनिहार व्यक्ति केवल सरकारी कोषकेँ क्षति नैइ पहुँचबैत अछि, बल्कि ओ समाजक नैतिक आधारकेँ सेहो कमजोर करैत अछि। जँ एक व्यक्ति दू-दू देशक सुविधा लेत, तँ अन्ततः ओ सुविधा ओहि वास्तविक पात्रसँ छिनत, जकरा ओकर आवश्यकता अछि ।

बहुत लोक १९५० केर भारत-नेपाल शान्ति आ मैत्री सन्धिक नाम लैत छथि। मुदा सन्धिक उद्देश्य दुनू देशक बीच मित्रता, सहज आवागमन आ आर्थिक-सामाजिक सहयोगकेँ बढ़ेबाक छल, नागरिकता कानूनकेँ निष्प्रभावी बनाबाक नैइ। सन्धि सुविधा दैत अछि, कानून तोड़बाक छूट नैइ । चिन्ताक विषय केवल कथित दोहरी नागरिकता नैइ, बल्कि ओ सम्पूर्ण तन्त्र अछि जे फर्जी कागजात तैयार करैत अछि ।

प्रश्न उठैत अछि जे आधार, प्यान, नागरिकता, मतदाता परिचयपत्र, बैंक खाता अथवा आन सरकारी अभिलेख बिना प्रशासनिक लापरवाही वा भ्रष्टाचारक सम्भव अछि ? यदि नैइ, तँ केवल लाभ लेनिहार पर नै, लाभ दिलाबएवाला सम्पूर्ण नेटवर्क पर समान कठोरतासँ कारबाई होबाक चाही ।

भारतमे सुरक्षा बल आ नेपालमे सम्बन्धित सुरक्षा निकाय सीमापार अपराध, तस्करी आ अवैध गतिविधिपर लगातार निगरानी रखैत छथि। यी आवश्यक सेहो अछि। मुदा सुरक्षा अभियानक नाम पर प्रत्येक सीमावर्ती नागरिककेँ सन्देहक दृष्टिसँ देखब उचित नैइ। सीमापार विवाह, खेती, व्यापार, शिक्षा आ सांस्कृतिक सम्बन्ध मिथिलाक जीवनशैलीक स्वाभाविक हिस्सा अछि । वैध सम्बन्ध आ अवैध गतिविधिक बीच स्पष्ट अन्तर करब लोकतान्त्रिक शासनक अनिवार्य शर्त अछि ।

वास्तविक प्रश्न यी नैइ जे सीमा खुल्ला रहय कि बन्द होय। वास्तविक प्रश्न यी अछि जे शासन व्यवस्था कतेक पारदर्शी अछि। जाबत फर्जी कागजात बनाबएवाला गिरोह, भ्रष्ट कर्मचारी, राजनीतिक संरक्षण आ दलालीक जाल समाप्त नैइ होएत, ताबत समस्या ज्यों-की-त्यों रहत । भारत आ नेपालकेँ आब केवल मैत्रीक भाषा नै, बल्कि आधुनिक प्रशासनिक सहयोगक भाषा सेहो अपनाबय पड़त। डिजिटल सत्यापन, सूचना आदान-प्रदान, संयुक्त अनुसन्धान, भ्रष्टाचारविरुद्ध साझा अभियान आ कानूनक निष्पक्ष कार्यान्वयन समयक आवश्यकता बनि गेल अछि ।

मिथिलाक समाजक सेहो दायित्व अछि। “रोटी-बेटी“क सम्बन्ध पवित्र अछि, मुदा एहि सम्बन्धक आड़मे कानूनक उल्लंघन करनिहारक समर्थन करब अन्ततः अपनहि समाजक विरुद्ध अपराध होयत। सम्बन्धकेँ बचेबाक सर्वोत्तम उपाय ओकर दुरुपयोगकेँ रोकब अछि। आइ आवश्यकता भावनात्मक नाराक नैइ, बल्कि नैतिक साहसक अछि। जे दोषी अछि, ओकर विरुद्ध निष्पक्ष अनुसन्धान हो। जे निर्दोष अछि, ओकर सम्मान सुरक्षित रहय ।

जे कानून तोड़ैत अछि, ओकर पहचान नागरिकता नैइ, अपराधीकेँ रूपमे होय । भारत आ नेपालक मित्रता दुनियाक लेल उदाहरण रहल अछि ।

एहि उदाहरणकेँ जीवित रखबाक लेल सीमा पर हथियारसँ बेसी आवश्यक अछि ईमानदार प्रशासन, पारदर्शी व्यवस्था, निष्पक्ष कानून आ जिम्मेदार नागरिक ।

सीमा खुल्ला रहय, मुदा कानून कमजोर नैइ। रोटी-बेटीकोटी-बेटीक सम्बन्ध अमर रहय, मुदा राष्ट्रक मर्यादा सर्वोपरि। ।

विश्वास बनल रहय, मुदा विश्वासघात करनिहारक लेल कानूनक द्वार सदैव खुल्ला रहय ।



अनुरोधकर्ता
गौशाला नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
मनरासिस्वा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
पिपरा गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# लागूऔषधको धूवाँले छोपिएका युवा



-नेपालमा लागूऔषध दुर्व्यसनको समस्या तीव्र रूपमा बढ्दै गइरहेको छ, जसमा विशेषगरी १५ देखि २९ वर्षका युवा र किशोरहरू बढी प्रभावित छन् । अभिभावकको लापरबाही, नैतिक शिक्षाको अभाव र सामाजिक निगरानी कमजोर हुँदा बालबालिका र युवा पुस्ता नशालु पदार्थको कुलतमा फसिरहेका छन्। समस्या समाधानका लागि परिवार, विद्यालय र समाजले समयमै सचेत भई उचित उपचार, मनोपरामर्श र नैतिक शिक्षामा जोड दिनु आवश्यक छ।

आजका बालबालिका लागूऔषध दुर्व्यसनी र मदिरा सेवनको कुलतमा फस्दै गएका छन् । गृह मन्त्रालयको पछिल्लो 'नेपाल लागूऔषध प्रयोगकर्ता सर्वेक्षण' अनुसार, नेपालमा प्रयोगकर्ताको संख्या कुल १ लाख ३० हजार ४ सय २४ छ । यो समस्याबाट ग्रसित जुम्ला पनि एक जिल्ला हो । कलेज विद्यालयका विद्यार्थीसमेत यसबाट अछुतो छैनन् । जुम्ला कारागारमा रहेका कैदीबन्दी अधिकांश लागूऔषध दुर्व्यसनीको सिकार छन् ।

पंक्तिकार जुम्लाका अधिकांश विद्यालयमा बाल अधिकारका विषयमा प्रशिक्षण दिन जाँदा विद्यालयमै विद्यार्थीहरू लागूऔषधको नशामा रहेको पाइयो । प्रहरीले कामकारबाही अगाडि बढाए पनि दिन प्रतिदिन लागूऔषधको दलदलमा युवा पुस्ता फस्दै जानु गम्भीर चिन्ताको विषय हो । नेपालमा लागूऔषध प्रयोगकर्ताको संख्या वार्षिक ५.०६ प्रतिशतका दरले बढिरहेको छ । प्रयोग गर्नेमध्ये अधिकांश १५ देखि २९ वर्ष उमेर समूहका युवा पुस्ता छन् । पहिलो पटक लागूऔषधको लतमा फस्ने औसत उमेर समूह १७ वर्षको पाइएको छ । दुर्व्यसनीमा परेका मध्ये झन्डै ९३ प्रतिशत पुरुष र ७ प्रतिशत महिला रहेको तथ्यांकले देखाउँछ । कुनै पनि सरकारी निकाय वा संस्थासँग 'दैनिक यति नै नयाँ व्यक्ति कुलतमा फस्छन्' भन्ने निश्चित वा छुट्टै तथ्यांक उपलब्ध छैन । मन्त्रालयको वार्षिक वृद्धिदर ५.०६ प्रतिशतलाई आधार मानेर हेर्दा नेपालमा वार्षिक करिब ६ हजार ५ सयभन्दा बढी नयाँ प्रयोगकर्ता थपिने गरेका छन् । यस हिसाबले देशमा दैनिक करिब १८ देखि २० जना नयाँ व्यक्ति लागूऔषधको दुर्व्यसनीमा फस्ने गरेको अनुमान छ । यो समस्यालाई परिवार, समाज र सरोकारवाला निकायले बेलैमा संवेदनशील भई निराकरण गर्नेतिर ध्यान दिनुपर्छ । अन्यथा धूवाँ र वाइनको युद्धमा कलिला मस्तिष्कको जीवन अन्धकारमै धकेलिन्छ र देशै धराशायी बन्न सक्छ । आधुनिक चिकित्सा विज्ञानले लागूऔषध दुर्व्यसनलाई केवल 'नैतिक कमजोरी' वा 'अपराध' नभई मस्तिष्कको एक जटिल रोगका रूपमा प्रमाणित गरेको छ । त्यसैले दुर्व्यसनमा फसेका व्यक्तिलाई सजाय र घृणाभन्दा उचित उपचार, मनोपरामर्श र मायाको खाँचो छ ।एक प्रमुख समस्या छ अभिभावकको । ती आफ्ना बालबालिकालाई अनुशासन संस्कार, रीतिरिवाजबारे गम्भीर भएर बताउँदैनन्, बालबालिका कहाँ जान्छन् ? तिनको बानीव्यहोरा कस्तो छ ? त्यसको ख्याल गर्दैनन् । विद्यालयमा नैतिक शिक्षा पठनपाठन नहुँदा, नैतिकताको डोरीमा नबाँधिँदा ती कुलत र दुर्व्यसनीको सिकार भएका छन्, आफ्नो भविष्य अन्धकार बनाइरहेका छन् । बालबालिकालाई समाज र राष्ट्रकै हित अनि स्वास्थ्यको चिन्ता गर्ने चेतना बुझ्न/बुझाउन सक्यौं भने आजका सन्तति कहिल्यै कुलत र गलत बाटोमा लाग्ने छैनन् । अब हाम्रो संस्कार पद्धति, चालचलन, रीतिरिवाज कतातिर जाँदै छ ? सबैले चिन्ता गर्नुपर्ने अवस्था आएको छ । आजका युवा बाबुआमाको आँखा छली गाँजा, चरेस, रक्सी, ब्राउन सुगरजस्ता नशालु पदार्थ सेवन गरी उज्यालो जीवनलाई धूवाँ र अल्कोहलको नशामा डुबाइरहेका छन् । बालबालिकाहरू परम्परागत संस्कारलाई 'पुरानो विचार' ठान्छन् । आधुनिक देखिने होडबाजीमा कुलततर्फ आकर्षित हुनुले बालबालिकाको शारीरिक वा मानसिक स्वास्थ्यलाई हानि पुऱ्याउँछ, यसले तिनको मस्तिष्कमा पनि प्रत्यक्ष असर पारिरहेको छ । हिजोआज धेरैजसो बालबालिकालाई पूजापाठ वा संस्कारमा सहभागी त गराइन्छ तर त्यस पछाडिको नैतिक मूल्य, मान्यता र आध्यात्मिक महत्त्व बुझाइँदैन । संस्कार केवल 'कागजी' वा 'देखावटी' हुन्छ । हिजोआज परिवार पनि यान्त्रिकजस्तै बनेको छ । काममा व्यस्त हुने सबै जना आ-आफ्ना यान्त्रिक उपकरण लिएर आफ्नै संसारमा मस्त भई हराउँछन् । ती आफ्ना सन्तानका लागि पनि समय दिन भ्याउँदैनन् । र, उसमा एक्लोपन भई नैराश्यता जन्मिन्छ । बिस्तारै एक्लै बस्न मन पराउने, यान्त्रिक उपकरण मोबाइल र ल्यापटपको लतमा रमाउने, आफ्ना परिवारप्रतिको आदरसम्मानभन्दा उसलाई साथ दिने आफ्नै उमेर समूहका साथीभाइलाई बढी विश्वास गर्ने बानी विकास हुन्छ ।

आफूमाथि निगरानी गर्ने कोही नहुँदा गलत सोच-विचारले नशा प्रयोगको कौतुहल बढ्छ । रहर वा साथीभाइको लहलहैमा 'एक पटक मात्रै चाख्छु' भन्दै लागू पदार्थ सेवन गर्छन् बालबालिका । तर, बिस्तारै मस्तिष्कमा यसको रासायनिक प्रभाव पर्छ र व्यक्तिको इच्छाशक्ति कमजोर हुन्छ । कतिपय अवस्थामा आफूले छाड्न चाहेर पनि आफ्नो बानी नियन्त्रण गर्न सक्दैनन् । दुर्व्यसनीले समयमै त्यो पदार्थ पाएन भने उसको शरीर र दिमागले असन्तुलित व्यवहार देखाउँछ । त्यसो हुँदा गम्भीर दुर्घटनासमेत निम्तिन्छ । शरीर अत्यधिक काँप्ने, पसिना आउने र छटपटी हुने, गम्भीर टाउको दुखाइ, बान्ता हुने वा पेट बाउँडिने, अत्यधिक रिसाउने, डराउने वा टोलाउनेजस्ता पीडादायी अवस्थाबाट बच्न उसले फेरि लागूऔषध खोज्छ अनि कुलतको चक्रमा नराम्रोसँग फस्दै जान्छ । बिस्तारै कुलतको दलदलबाट ऊ माथि उठ्नै सक्दैन । आधुनिक चिकित्सा विज्ञानले लागूऔषध दुर्व्यसनलाई केवल 'नैतिक कमजोरी' वा 'अपराध' नभई मस्तिष्कको एक जटिल रोगका रूपमा प्रमाणित गरेको छ । त्यसैले दुर्व्यसनमा फसेका व्यक्तिलाई सजाय र घृणाभन्दा उचित उपचार, मनोपरामर्श र मायाको खाँचो छ । यो समयमा पैसा कमाउने र सफल हुने शिक्षा मात्रै दिँदा नैतिकता, इमानदारी र करुणाजस्ता मानवीय मूल्य कमजोर भएका छन् । अब विद्यालयका पाठ्यक्रममा नैतिक शिक्षा अनिवार्य बनाइनुपर्छ । सम्मानित र मर्यादित जीवनसहितको सेवाभावमैत्री, मानवमैत्री व्यवहारले 'रामराज्य' को कल्पना साकार बनाउँछ । हरेक घरपरिवारले आफ्ना सन्तान र परिवारका सदस्यमा करुणा अनि स्वज्ञान दिनुपर्छ । धूवाँ र मदिराको युद्धमा धकेलिएका बालबालिका र युवालाई सही मार्गमा हिँडाउन घर, परिवार र समाजले आफ्नो कर्तव्य र जिम्मेवारी पूरा गर्नुपर्छ ।

**साभार : कान्तिपुर ।**


"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश






अनुरोधकर्ता
शहिदनगर नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश






अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday